मिति २०८०/९/१९ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित

गण्डकी प्रदेश सरकार

# कृषि तथा भूमि व्यवस्था मन्त्रालय

पोखरा, नेपाल

## उत्कृष्ट कृषि पुरस्कारको लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/९/१९)

यस मन्त्रालयको गण्डकी प्रदेश भित्रका कृषक, कृषि फर्म/कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाहरु मध्येबाट उत्कृष्ट छनौट गरी ४ वटा प्रदेश उत्कृष्ट पुरस्कार र १ वटा प्रदेश सर्वोत्कृष्ट पुरस्कार प्रदान गर्ने भएकोले योग्यता पुगेका इच्छुक आवेदकले सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा देहायका कागजात संलग्न गरी आवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदकको न्यूनतम पेशागत योग्यता "उत्कृष्ट कृषि पुरस्कार सम्बन्धी मापदण्ड, २०७९" को अनुसूची-१ बमोजिम हुनेछ। कार्यक्रम सम्बन्धी थप जानकारीको लागि मन्त्रालयको वेबसाईट https://molmac.gandaki.gov.np बाट "उत्कृष्ट कृषि पुरस्कार सम्बन्धी मापदण्ड, २०७९" डाउनलोड गरी हेर्न सकिनेछ।

**आवश्यक कागजातहरु:**

- मापदण्डको अनुसूची-२ बमोजिमको निवेदन र अनुसूची-३ बमोजिमको विवरण।
- कृषि फर्म/कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाको हकमा दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, नवीकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि।
- व्यक्तिगत कृषकको हकमा निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि।

**थप जानकारीको लागि सम्पर्कः**

कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा

फोन नं. ०६१-४५७७०८/०६१-४६७८८५

ईमेलः ads.molmacgandaki@gmail.com